निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/७/७

काठमाडौं, कार्तिक ७।

संवत् २०७६ साल मंसिर १४ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तह उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा उच्चस्तरीय सुरक्षा समितिको आज मिति २०७६ साल कार्तिक ७ गते बैठक बस्यो।

उच्चस्तरीय सुरक्षा समितिका संयोजक माननीय निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालको संयोजकत्वमा भएको बैठकमा निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया एवम् माननीय निर्वाचन आयुक्त नरेन्द्र दाहाल समेतको उपस्थिति रहेको थियो। यसै गरी बैठकमा समितिका सदस्यहरू सचिव गृह मन्त्रालय, सचिव रक्षा मन्त्रालय, सचिव निर्वाचन आयोग, प्रधानसेनापतिले तोकेका उच्चस्तरका अधिकृत, नेपाली सेना, प्रहरी महानिरीक्षक, नेपाल प्रहरी, सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभागको उपस्थिति रहेको थियो।

उक्त बैठकमा उपनिर्वाचनको समग्र निर्वाचन सुरक्षा व्यवस्थापनको विषयमा छलफल भयो। उपनिर्वाचन संचालन तथा व्यवस्थापन प्रकृयामा आयोग र केन्द्रीय सुरक्षा निकायबीच सम्पर्क र समन्वय कायम गर्ने, निर्वाचन सुरक्षा सम्बन्धी नीति, योजना तर्जुमा गर्न सहयोग गर्ने, समग्र निर्वाचन सुरक्षा व्यवस्थापनको कार्ययोजना तयार गर्ने, निर्वाचन सुरक्षा व्यवस्थाको अनुगमन तथा शान्ति सुरक्षाको स्थिति अनुमान, व्यवस्थापन र निर्देशन गर्ने समेतका विषयमा छलफल एवम् निर्णय गरिएको छ।

०७६।७।७

**(राजकुमार श्रेष्ठ)**
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np